नेपाल सरकार
कृषि विकास मन्त्रालय

# उच्च मूल्य कृषि बस्तु विकास आयोजना

आयोजना व्यवस्थापन कार्यालय
वीरेन्द्रनगर, सुर्खेत
(इफाड ऋणः ७९६-NP र अनुदानः DSF-८०५०-NP)

**स्याउ, तरकारी बीउ, अदुवा, बेमौसमी तरकारी, बेसार, खसी/बोका तथा टिमूर मूल्य श्रृंखला विकास (Value Chain Development) मा सहकार्यको लागि इच्छुक तथा योग्य कृषि/वन क्षेत्र संग सम्बन्धित समूह/सहकारी संस्था र कृषि व्यवसायी/व्यापारीहरू संग सहकार्यको लागि**

**कार्यक्षेत्रगत शर्त (ToR)**

## पृष्ठभूमि

उच्च मूल्य कृषि बस्तु विकास आयोजना (HVAP) कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (IFAD) बाट नेपाल सरकारलाई प्राप्त ऋण तथा अनुदान सहयोगमा संचालित आयोजना हो । कृषि विकास मन्त्रालय यस आयोजनाको प्रमुख कार्यान्वयन निकाय रहेको छ । नेदरल्याण्ड्स विकास नियोग नेपाल (SNV Nepal) र नेपाल उद्योग वाणिज्य महासंघ (FNCCI) अन्तर्गतको कृषि उद्यम केन्द्र (AEC) यस आयोजनाका प्रमुख कार्यान्वयन साझेदारहरू हुन् । यो आयोजना ५ जुलाई २०१० वाट लागु भएको हो । यसको संचालन अवधि ६ वर्ष रहेको छ । यो आयोजना मध्य तथा सुदूर पश्चिम विकास क्षेत्रका गरीब, भूमिहिन, साना किसान तथा कृषिमा आधारित व्यापार व्यवसायमा लागेका समुदायको लागि रोजगारी तथा आय आर्जनका अवसरहरू सृजना गरी उनीहरूको जीवनस्तर उकास्ने उद्देश्य सहित लागु भएको हो । उक्त उद्देश्य प्राप्तिका लागि आयोजनाले उच्च मूल्य कृषि बस्तुहरूको गरिवमुखी मूल्य श्रृंखला **(Pro-poor Value Chain)** को विकास तथा स्तरोन्नतिको लागि कार्य गर्नेछ । आयोजनाले उच्च मूल्य कृषि बस्तुको आपूर्तिकर्ता (उत्पादक समूह) तथा खरिदकर्ता (कृषि व्यवसायी) दुवैपक्षको फाइदाको लागि ध्यान केन्द्रित गर्दै गरीब एवं आर्थिक तथा समाजिक अवसरवाट बञ्चित समुदायलाई आयोजनाको कार्यक्रममा समावेशीकरण गर्ने दिशातर्फ उन्मुख भई कार्यक्रम संचालन गर्नेछ ।

आयोजनाले लक्षित गरिएका मूल्य श्रृंखलाको विकासको लागि उप-आयोजना (Sub-project) हरूमा लगानी तथा कार्यान्वयन गर्न सम्बन्धित मूल्य श्रृंखलामा आवद्ध कृषि उत्पादक समूह, वन उपभोक्ता समूह, सहकारी संस्था तथा कृषि व्यवसायी/व्यापारीहरूसंग सहकार्य गर्ने उद्देश्यले **मूल्य श्रृंखला कोष (Value Chain Fund)** को व्यवस्था गरेको छ । उक्त कोष मार्फत उच्च मूल्य कृषि बस्तु र गैर काष्ठ बन पैदावर तथा जडीबुटीजन्य बस्तुहरूको उत्पादन देखि बजार व्यवस्थापन सम्मका प्रक्रियाहरूमा सुधार एवं दीगो विकास गर्नको लागि उप-आयोजना पूरक अनुदान (Sub-project Matching Fund) उपलब्ध हुनेछ ।

यसै सन्दर्भमा प्रथम चरणमा सञ्चालन हुने सुर्खेत, दैलेख, सल्यान, जाजरकोट, कालीकोट, जुम्ला र अछाम जिल्ला भित्र छिन्चु-जाजरकोट, सुर्खेत-दैलेख र सुर्खेत-जुम्ला (कर्णाली लोकमार्ग) सडकखण्ड आसपासका क्षेत्रमा **स्याउ, तरकारी बीउ, अदुवा, बेमौसमी तरकारी, टिमूर, बेसार तथा खसी/बोकाको** व्यवसायिक उत्पादन तथा बजार व्यवस्थापनका लागि उप-आयोजना तयार गरी लगानी तथा कार्यान्वयन गर्न इच्छुक तथा योग्य कृषि उत्पादनमा संलग्न समूह, वन उपभोक्ता समूह, सहकारी संस्था तथा कृषि व्यवसायी/व्यापारीहरूबाट आशय पत्र आव्हान गरिन्छ ।

## लक्षित मूल्य श्रृंखलाको विकासको लागि आयोजनाले पहिचान गरेका सम्भावित जिल्लाहरु

| क्र. सं. | मूल्य श्रृंखला | जिल्लाहरु |
|---|---|---|
| १. | स्याउ | जुम्ला र कालिकोट |
| २. | तरकारी बीउ | जुम्ला, कालिकोट, दैलेख, सुर्खेत, |
| ३. | अदुवा | सल्यान, कालिकोट, दैलेख, सुर्खेत, अछाम |
| ४. | बेमौसमी तरकारी | दैलेख, सुर्खेत, सल्यान, जाजरकोट र अछाम |
| ५. | टिमूर | दैलेख, सुर्खेत, सल्यान, जाजरकोट र अछाम |
| ६. | बेसार | दैलेख, सुर्खेत, सल्यान, जाजरकोट र अछाम |
| ७. | खसी/बोका | जुम्ला, कालिकोट, दैलेख, सुर्खेत, सल्यान, जाजरकोट र अछाम |

आयोजनाले पहिचान गरेका जिल्ला अनुसारको उच्च मूल्यका बाली/बस्तुहरू (मूल्य श्रृंखला) मा आधारित रहेर निम्न क्षेत्रहरूमा लगानी गर्न सकिनेछ ।

- उत्पादन तथा उत्पादकत्व वृद्धि कार्य
- साना सिंचाइ योजनाहरू (सहकारी तथा समुदाय स्तरमा)
- उत्पादन संकलन केन्द्र, भण्डारण सुविधा तथा कृषि बजारका पूर्वाधारहरू (सडक निर्माण बाहेक)
- प्याकेजिङ्ग, बस्तु विविधिकरण ( Product Diversification) तथा मूल्य अभिबृद्धि (Value Addition) हुने खालका विभिन्न कार्यमा सहयोगी सामग्री, उपकरण तथा पूर्वाधारहरू
- उत्पादन तथा उत्पादान उपरान्त (Post-harvest) कार्य तथा प्रशोधनका उन्नत प्रविधि सम्बन्धी तालिम तथा प्राविधिक सहयोग

- गुणस्तर तथा प्रांगारिक प्रमाणिकरण
- कृषि बस्तु व्यापार प्रवर्धन सम्बन्धी कार्यहरू
- मूल्य श्रृंखला विकासका लागि सहयोगी अन्य कार्यहरू

***नोटः माथि उल्लेख गरिएका सम्भावित क्षेत्रहरू मध्ये एक वा सो भन्दा बढी क्षेत्रहरू समेट्ने गरी कुनै एक मूल्य श्रृंखलामा मात्र आधारित रहेर आशयपत्र पेश गर्न सकिनेछ ।***

## आयोजनाबाट हुने सहयोगः

आयोजनाले स्वीकृत व्यवसायिक योजना कार्यान्वयनको लागि मूल्य श्रृंखला कोषबाट पूरक अनुदानको रुपमा आर्थिक सहयोग उपलब्ध गराउने छ । यसरी उपलब्ध गराईने पूरक अनुदान निम्नानुसार समूह “क” (Window 1) वा समूह “ख” (Window 2) अन्तर्गत प्रदान गरिने छ ।

१. समूह “क”: **५०:५० अनुपातका उप-आयोजनाहरु** (Window 1 - **50:50 ratio sub-projects)**
   - यस अन्तरगत इच्छुक तथा योग्य कृषि व्यवसायी/व्यापारी संस्थाहरू तथा सहकारी संस्थाहरूले आवेदन गर्न सक्नेछन ।
   - उप-आयोजनाको कूल लागतको ५० प्रतिशत सम्म आयोजनाबाट पूरक अनुदानको रुपमा उपलब्ध गराईनेछ र बाँकी ५० प्रतिशत रकम आवेदनकर्ता आफैले लगानी गर्नु पर्नेछ ।
   - पूरक अनुदान अधिकतम अमेरिकी डलर १ लाख सम्मको हुनेछ ।
   - आयोजनाबाट प्रदान गरिने पूरक अनुदान आयोजना अवधि भित्र रहने गरी बढीमा ३ वर्ष सम्मको लागि मात्र उपलव्ध हुनेछ ।
   - उप-आयोजनाहरू यथासम्भव आयोजनाको कार्यक्षेत्र भित्र हुनु पर्नेछ । उत्पादन बाहेकका अन्य क्रियाकलापहरू (जस्तै प्रशोधन, शीत भण्डारण आदि) आयोजनाको कार्यक्षेत्र बाहिर संचालन गर्दा प्रभावकारी हुने देखिएमा सो गर्न सकिने छ । तर यस्तो अवस्थामा स्थापित उपकरण तथा पूर्वाधारले उपयोग गर्ने आयोजनाले पहिचान गरेको बाली/बस्तुहरुको आपूर्ति कूल उपयोग क्षमताको कम्तिमा २५ प्रतिशत आयोजना क्षेत्र भित्रबाट हुनु पर्नेछ । स्वीकृत आशय-पत्र दाताले पछि व्यवसायिक योजना पेश गर्दा सोको आवश्यक प्रमाण समेत पेश गर्नु पर्नेछ ।

२. समूह “ख”: **८५:१५ अनुपातका उप-आयोजनाहरु** (Window 2- **85:15 ratio sub-projects)**
   - यस अन्तर्गत इच्छुक तथा योग्य कृषि उत्पादनमा संलग्न समूह, वन उपभोक्ता समूह तथा सहकारी संस्थाहरूले आवेदन गर्न सक्नेछन् ।
   - उप-आयोजनाको कूल लागतको ८५ प्रतिशत सम्म अनुदान उपलब्ध गराईनेछ । बाँकी १५ प्रतिशत रकम आवेदनकर्ता आफैले लगानी गर्नु पर्नेछ । जसमध्ये कम्तिमा १० प्रतिशत नगद (Cash) तथा बाँकी ५ प्रतिशत श्रमदान वा बस्तुगत (Kinds) रूपमा लगानी गर्न सकिनेछ ।
   - पूरक अनुदान अधिकतम अमेरिकी डलर २० हजार सम्मको हुनेछ ।
   - आयोजनाबाट प्रदान गरिने पूरक अनुदान आयोजना अवधि भित्र रहने गरी बढीमा ३ वर्ष सम्मको लागि मात्र उपलब्ध हुनेछ ।

## आशय–पत्र पेशकर्ताको लागि न्यूनतम योग्यताः

१. समूह “क” **(Window 1) अन्तर्गत सहकार्य गर्न चाहने आवेदकहरूको लागि न्यूनतम योग्यताः**
   - कानूनी रूपमा दर्ता भएका (स्थायी लेखा नम्बर- PAN Number, वा मूल्य अभिबृद्धि कर सहित) तथा सम्बन्धित मूल्य श्रृंखलामा कम्तिमा तीन वर्ष सम्मको कार्य अनुभव भएका कृषि व्यवसायी/व्यापारी संस्थाहरू ।
   - कानूनी रुपमा दर्ता भएका, आयोजनाको कार्यक्षेत्रमा काम गरिरहेका र सम्बन्धित मूल्य श्रृंखलामा कम्तिमा तीन वर्ष सम्मको कार्य अनुभव भएका सहकारी संस्थाहरू ।

२. समूह “ख” **(Window 2) अन्तर्गत सहकार्य गर्न चाहने आवेदकहरूको लागि न्यूनतम योग्यताः**
   - नियमित रूपमा सम्बन्धित निकायमा दर्ता भएका, आयोजनाको कार्यक्षेत्रमा काम गरिरहेका र सम्बन्धित मूल्य श्रृंखलामा कम्तिमा एक वर्षको कार्य अनुभव भएका कृषि उत्पादनमा संलग्न समूह, बन उपभोक्ता समूह तथा सहकारी संस्थाहरू ।

## आशय पत्रसाथ संलग्न गर्नु पर्ने कागजातहरुः

(क) आशय-पत्र ( समूह “क” र समूह “ख” को लागि छुट्टा छुट्टै आशय-पत्र नमूना फारम आयोजनाको website: www.hvap.gov.np मा वा आयोजना व्यवस्थापन कार्यालय, सुर्खेत वा आयोजना सम्पर्क कार्यालय, कुमारीपाटी, ललितपुर वा सम्वन्धित जिल्लाका जिल्ला कृषि विकास कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।)
(ख) उप-आयोजनामा लगानी तथा कार्यान्वयन सम्बन्धी निर्णयको प्रतिलिपी (सहकारी तथा समूहको हकमा मात्र)
(ग) कानूनी रुपमा संस्था दर्ता भएको प्रमाण-पत्र (नियमित नविकरण सहित)
(घ) अघिल्लो आर्थिक वर्ष सम्मको कर चुक्ता गरेको प्रमाण पत्र (Window 1 अन्तर्गतका आवेदकहरूको हकमा मात्र)

आशय-पत्र नेपाली वा अंग्रेजी भाषा मध्ये कुनै एक भाषामा पठाउन सकिने छ । उप-आयोजनाको बजेट विवरण नेपाली रुपैयामा उल्लेख गर्नु पर्नेछ ।

**आशय-पत्र छनौट प्रकृयाः**

आयोजनामा पेश गर्नु पर्ने अन्तिम मिति भित्र प्राप्त आशय-पत्रहरु आयोजनाको मूल्याँकन समितिबाट निम्नलिखित आधारमा मूल्याँकन गरिनेछ ।

| मूल्याँकनका आधारहरु | अधिकतम अंक |
|---|---|
| १. उप-आयोजनाको प्राविधिक सम्भाव्यता **(Technical Viability)** | २० |
| २. उप-आयोजनाको व्यवसायिक सम्भाव्यता **(Commercial Viability)** | ३० |
| ३. उप-आयोजना कार्यान्वयन गर्न आशय-पत्र दाताको व्यवस्थापकीय तथा वित्तिय क्षमता **(Management and Financial Capacity to Implement)** | २० |
| ४. उप-आयोजनाबाट आयोजनाका लक्षित लाभग्राहीमा पर्न सक्ने सकारात्मक प्रभाव **(Impact on Target Beneficiaries)** | ३० |

उपरोक्त आधारहरु मध्ये प्रत्येक आधारमा कम्तिमा ६० प्रतिशत अंक प्राप्त गर्ने आशय-पत्रहरु मध्ये आयोजनाको बजेटको सीमा भित्र रहि पूरक कोष उपलव्ध गराउन सकिने संख्यामा आशय-पत्रहरूको संक्षिप्त सूची तयार गरिनेछ । संक्षिप्त सूचीमा परेका आशय-पत्र दाताहरुलाई व्यवसायिक योजना (Business Plan) पेश गर्न आव्हान गरिने छ । पेश भएका व्यवसायिक योजनाहरु मध्ये आयोजनाबाट गठित व्यवसायिक योजना मूल्याँकन समितवाट सिफारीश भई आएका व्यवसायिक योजनाहरुमात्र आयोजनाबाट पूरक अनुदान प्राप्त गर्न योग्य हुनेछन ।

## आशय-पत्र पेश गर्नु पर्ने अन्तिम मितिः २०६९/०६/१० गते बुधवार

## आशय-पत्र पेश गर्नु पर्ने स्थानः

१. उच्च मूल्य कृषि वस्तु विकास आयोजना
आयोजना व्यवस्थापन कार्यालय
वीरेन्द्रनगर, सुर्खेत ।
फोन नम्वर: ०८३-५२००३८/५२५४०३

**वा**

२. उच्च मूल्य कृषि वस्तु विकास आयोजना
सम्पर्क कार्यालय
कुमारीपाटी, ललितपूर ।
फोन नम्वर: ०१ ५५५२९७७

**वा**

३. सम्बन्धित जिल्ला स्थित कृषि विकास कार्यालयहरु

आशय-पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार उच्च मूल्य कृषि वस्तु विकास आयोजनामा अन्तरनिहित हुनेछ । साथै अन्य प्रावधानहरु नेपाल सरकारको विद्यमान ऐन, नियम अनुसार हुनेछन ।

**आयोजना प्रमुख**
उच्च मूल्य कृषि वस्तु विकास आयोजना
आयोजना व्यवस्थापन कार्यालय, सुर्खेत
फोन नम्वर: ०८३-५२००३८/५२५४०३